नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ — स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ — अंक २ — २०८३ साल साउन २ गते शनिबार (18 July 2026 Saturday) — मूल्य रु. ५/-

## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : साउनले जगाएको आस्था र... ३ पृष्ठमा : नेपाल टेलिकमको हराएका... ३ पृष्ठमा : निजी रकेटसँग अन्तरिक्षमा...

# एकै पटक सरिताले जन्म दिइन् तिम्ल्याहा शिशु

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन ।**

सप्तरीमा एक महिलाले एकै पटक तीन वटा सन्तानलाई जन्म दिएकी छिन् । जिल्लाको तिरहुत गाउँपालिका वडा नं. १ धनपुरीकी सरितादेवी सदाले तिम्ल्याहा शिशुलाई जन्म दिएकी हुन ।



बिहीबार दिउँसो जिल्लाको भारदह अस्पतालमा उनले नर्मल डेलिभरी मार्फत तिम्ल्याहा सन्तानलाई जन्म दिएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट उत्तम देवले जानकारी दिए ।

तिम्ल्याहा सन्तानलाई जन्म दिएकी आमा र तीनै शिशुहरुको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालका मेसु देवले जानकारी दिदै शल्यक्रिया बिना सामान्य प्रसूति हुनु र आमा तथा बच्चा सुरक्षित रहनु निकै सकारात्मक पक्ष रहेको बताए ।

विपन्न दलित सदा समुदायकी महिलाले एकै पटक तीन नवजात शिशुलाई जन्म दिएकाले आर्थिक अभावका कारण पोषण, थपस्वास्थ्य उपचार तथा पालन पोषणमा समस्या हुने भन्दै स्थानीय सरकार र सरोकारवाला निकायले विशेष सहयोग गर्न आवश्यक रहेको स्थानीय बासिन्दाको भनाइ छ ।

भारदह अस्पतालमा एकै साथ तीन सन्तानको जन्म भएको पहिलो पटक भएको तथा आमा र बच्चा सकुशल रहेकोमा स्थानीयहरुले अस्पताल प्रशासनको प्रशंसा गरेका छन् । प्रादेशिक अस्पतालको रुपमा रहेको भारदह अस्पतालमा दरबन्दी अनुसार जनशक्ति तथा आधुनिक उपकरणहरुको अभावका बाबजुद तिम्ल्याहा शिशुको जन्म भएकोमा सम्पूर्ण चिकित्सक युनिटलाई स्थानीयहरुले धन्यवाद दिएका छन् ।

# मधेस प्रदेश सरकारद्वारा ५६.३१ प्रतिशत बजेट खर्च

जनकपुरधाम, १ साउन (रासस) ।

मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ मा कुल बजेटको ५६.३१ प्रतिशत खर्च गरेको छ । मधेस प्रदेश सरकारको अर्थ मन्त्रालयले सार्वजनिक गरेको खर्च प्रगति विवरणअनुसार प्रदेश सरकारले आव २०८२/८३ मा चालुतर्फ ६०.६९ प्रतिशत र पुँजीगततर्फ ५४.१२ प्रतिशत बजेट खर्च गरेको छ ।

प्रदेश सरकारले आव २०८२/८३ का लागि चालुतर्फ रु १५ अर्ब ६३ करोड ८२ लाख २२ हजार र पुँजीगततर्फ रु ३१ अर्ब ३४ करोड ५१ लाख ३० हजार गरी कुल रु ४६ अर्ब ९८ करोड ३३ लाख ५२ हजार बजेट विनियोजन गरेको थियो । त्यसमध्ये असार मसान्तसम्ममा चालुतर्फ रु नौ अर्ब ४९ करोड १६ लाख एक हजार र पुँजीगततर्फ रु १६ अर्ब ९६ करोड ५१ लाख ४९ हजार गरी कुल रु २६ अर्ब ४५ करोड ६७ लाख ५० हजार खर्च भएको अर्थ मन्त्रालयका तथ्याङ्क अधिकृत राजेन्द्र आचार्यले जानकारी दिनुभयो ।

तथ्याङ्क अधिकृत आचार्यका अनुसार प्रदेश सरकारको मन्त्रालयतर्फ सबैभन्दा बढी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ७१.४५ प्रतिशत खर्च गरेको छ । सो मन्त्रालयले चालुतर्फ ७९.१४ प्रतिशत तथा पुँजीगततर्फ ५८.०१ प्रतिशत बजेट खर्च गरेको अधिकृत आचार्यले बताउनुभयो ।

त्यसैगरी प्रदेश लोकसेवा आयोगले ८४.४० प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले ७३.०१ प्रतिशत, अर्थ मन्त्रालयले ६५.६८ प्रतिशत, प्रदेशसभा सचिवालयले ६५.६० प्रतिशत तथा वन तथा वातावरण मन्त्रालयले ६३.७६ प्रतिशत बजेट खर्च गरेको उहाँले जानकारी दिनुभयो । प्रदेश सरकारको शिक्षा तथा संस्कृति कल्याण मन्त्रालयले ६०.८८ प्रतिशत र भौतिक पूर्वाधार विकास मन्त्रालयले ५८.६७ प्रतिशत बजेट खर्च गरेको छ ।

यस्तै उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले ५१.७७ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ४९.९१ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालयले ४८.९२ प्रतिशत, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ४७.८७ प्रतिशत, खेलकुद तथा समाज कल्याण मन्त्रालयले ४६.१७ प्रतिशत तथा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले ४०.६५ प्रतिशत बजेट खर्च गरेको अधिकृत आचार्यले बताउनुभयो ।

अर्थ मन्त्रालयका अनुसार खर्च प्रगतिको आधारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सबैभन्दा कमजोर देखिएको छ । उक्त कार्यालयले कुल बजेटको ३७.०६ प्रतिशतमात्र खर्च गरेको छ । मुख्यमन्त्री कार्यालयले चालुतर्फ ४०.३७ प्रतिशत र पुँजीगततर्फ १७.७९ प्रतिशतमात्र खर्च गरेको छ ।

त्यसैगरी, प्रदेश नीति तथा योजना आयोगले ५४.०७ प्रतिशत खर्च गरेको छ भने कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा तथा अर्थ विविध शीर्षकमा असार मसान्तसम्म कुनै खर्च भएको देखिएको छैन । समग्रमा हेर्दा चालु खर्चको तुलनामा पुँजीगत खर्च अझै कम रहेको देखिएको छ । यद्यपि आर्थिक वर्षको अन्त्यसम्म प्रदेश सरकारले कुल बजेटको आधाभन्दा बढी अर्थात् ५६.३१ प्रतिशत खर्च गर्न सफल भएको अर्थ मन्त्रालयको तथ्याङ्कले जनाएको छ ।

अघिल्लो सरकारले घाटा बजेट ल्याएको, गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनका

*बाँकी अन्तिम पृष्ठमा*

# जनकपुरका अतिक्रमित पोखरी र डिल सात दिनभित्र खाली गर्न निर्देशन

काठमाडौँ, १ साउन (रासस) ।

जनकपुर उपमहानगरपालिका भित्र रहेका राजगुठीअन्तर्गतका विभिन्न पोखरी तथा पोखरीका डिल क्षेत्रमा भएको अतिक्रमण सरकारले सात दिनभित्र हटाउन निर्देशन दिएको छ ।

गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन-२०६२ कार्यान्वयन समितिले आज सार्वजनिक सूचना जारी गर्दै विशहरा पोखरी, दशरथ तालाउ, अर्गजा सर, रत्न सागर पोखरी, मुरली सर, दीर्घिका सर, गोडधोई पोखरीलगायतका जलाशय तथा तिनका डिल क्षेत्रमा भएका अनधिकृत संरचना र अतिक्रमण हटाउन निर्देशन दिएको हो ।

समितिका अनुसार विभिन्न व्यक्ति तथा संस्थाले गुठीअन्तर्गतका पोखरी र तिनका डिल क्षेत्रमा अनधिकृत रूपमा संरचना निर्माण गरी भोगचलन गर्दै आएको पाइएको छ । सार्वजनिक सम्पत्ति तथा गुठीको जग्गा संरक्षण गर्ने उद्देश्यले अतिक्रमण हटाउन सूचना जारी गरिएको समितिले जनाएको छ ।

सूचनामा तोकिएको समयभित्र अतिक्रमण हटाइएको नपाइए प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइने छ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विगतका आयोग तथा कार्यदलका प्रतिवेदन कार्यान्वयनलाई तीव्रता दिएको छ । यसै क्रममा जनकपुर क्षेत्रका अतिक्रमित गुठी जग्गा, पोखरी तथा सार्वजनिक सम्पत्तिको संरक्षण अगाडि बढाएको मन्त्रालयले जनाएको छ ।

# पूर्वसांसद कोइरीलाई थुनामुक्त गर्न आदेश

काठमाडौँ, १ साउन (रासस) ।

सर्वोच्च अदालतले पूर्वसांसद लक्ष्मी महतो कोइरीलाई बन्दीप्रत्यक्षीकरणको मुद्दामा थुनामुक्त गर्न आदेश दिएको छ ।

न्यायाधीशद्वय कुमार रेग्मी र श्रीकान्त पौडेलको संयुक्त इजलासले बिहीबार पूर्वसांसद कोइरीलाई कानुनसम्मत रुपमा थुनामा राख्नुपर्ने नदेखिएको भन्दै थुनामुक्त गर्न आदेश दिएको हो । पूर्वसांसद कोइरीका छोरा मनोजकुमार महतोले गैरकानुनीरुपमा थुनामा राखेको उल्लेख गर्दै बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता गराउनुभएको थियो ।

सशस्त्र प्रहरी बलका असई थमन विक हत्या प्रकरणमा पूर्वसांसद कोइरीलाई यही असार १८ गते पक्राउ गरिएको थियो ।

## गुरुहरूप्रति सम्मान व्यक्त गरौं

❖ ज्ञान, शिक्षा र संस्कार प्रदान गर्ने गुरुहरूको सम्मान गरौं,
❖ गुरुबाट प्राप्त ज्ञान र मार्गदर्शनलाई जीवनमा आत्मसात् गरौं,
❖ शिक्षक, अभिभावक र मार्गदर्शक प्रति कृतज्ञता व्यक्त गरौं,
❖ शिक्षा र ज्ञानको महत्वलाई समाजमा प्रवर्द्धन गरौं,
❖ नयाँ पुस्तामा अनुशासन, नैतिकता र संस्कारको विकास गरौं,
❖ गुरु–शिष्य सम्बन्धको गरिमा र परम्परालाई संरक्षण गरौं,
❖ ज्ञान, सीप र सकारात्मक सोचको विकासमा जोड दिऔं,
❖ शिक्षामार्फत समुन्नत समाज निर्माणमा योगदान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### वर्षाले किसानलाई राहत

केही दिन यता भएको वर्षाले किसानलाई राहत दिएको छ। छिटफुट बर्षाका कारण सुस्त बनेको धान रोपाइँ अहिले गति लिन थालेको छ। खेतमा पर्याप्त पानी जम्न थालेपछि किसानमा नयाँ आशा पलाएको छ। तर, वर्षाको यो राहतले कृषि क्षेत्रको एउटा गम्भीर यथार्थ पनि उजागर गरेको छ। सप्तरीका अधिकांश किसान अझै पनि आकाशे पानीकै भरमा खेती गर्न बाध्य छन्। कतिपय किसानले मोटरबाट पानी तानेर महँगो खर्चमा सिँचाइ गर्नुपरेको अवस्था देखियो। यसले उत्पादन लागत बढाउनुका साथै साना किसानलाई थप आर्थिक दबाबमा पारेको छ।

वर्षा हुनु सुखद पक्ष हो, तर कृषि प्रणाली वर्षाको भरमा मात्र चलिरहनु दीर्घकालीन समाधान होइन। सरकारले सिँचाइ पूर्वाधार विस्तार, नहरको मर्मत, भूमिगत पानीको दिगो उपयोग तथा जलसञ्चयका योजनालाई प्राथमिकता दिन आवश्यक छ। साथै, जलवायु परिवर्तनका चुनौतीलाई ध्यानमा राखी कृषि नीति र कार्यक्रमलाई समयानुकूल बनाइनुपर्छ।

सप्तरी जस्तो कृषि प्रधान जिल्लामा किसानलाई हरेक वर्ष आकाशतर्फ हेरेर खेती गर्नुपर्ने बाध्यता अन्त्य गर्न सकिए मात्र कृषि उत्पादन, किसानको आय र खाद्य सुरक्षामा दिगो सुधार सम्भव हुनेछ। तसर्थ अहिलेको वर्षाले राहत दिएको छ, अब स्थायी समाधानतर्फ सबैको ध्यान जानु जरुरी छ।

### बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# साउनले जगाएको आस्था र हरियो रौनक

**सङ्गीता राई**
सुनसरी, १ साउन (रासस)।

धरान उपमहानगरपालिका-१६ का सुमना श्रेष्ठ साउन महिना सुरु भएसँगै हरियो चुरा र हरियो पोसाकमा सजिनुहुन्छ। उहाँले भन्नुभयो, “अरूबेला जस्तोसुकै कपडा लगाए पनि साउन लागेपछि हरियो चुरा, हरियो कुर्ता लगाउने र हातमा मेहेन्दी लगाउने गर्छु। महिला साथीहरू हरियो शृङ्गारमा सजिएको देख्दा धर्म र संस्कृतिप्रतिको सम्मान अझ बढेको महसुस हुन्छ। साउने सोमबार व्रत बसेर हरियो चुरा लगाउँदा मनमा खुसी, आनन्द र शान्तिको अनुभूति हुन्छ।”

यो महिना महिलाहरूका लागि विशेष महत्व बोकेको महिना हो। हरियो चुरा, मेहेन्दी तथा हरियो र पहेँलो पहिरन सजावट वा फेसनका लागि मात्र नभई परम्परा, संस्कृति र धार्मिक आस्थासँग जोडिएको विषय हो। साउन सुरु भएपछि महिलामा छुट्टै उत्साह जाग्ने उहाँ बताउनुहुन्छ। साउन महिना सुरु भएसँगै देशका विभिन्न स्थानका सहरहरुमा हरियो चुरा, मेहेन्दी र सोमबारे व्रतको रौनक छाएको छ। परापूर्वकालदेखि चलिआएको यो परम्परा अहिले धार्मिक आस्थामा मात्र सीमित नरही आधुनिक फेसन, बजार अर्थतन्त्र र स्वास्थ्य सचेतनासँग पनि जोडिन थालेको छ।

साउनको आगमनसँगै नेपाली हिन्दू समुदायमा विशेष उमङ्ग र उल्लास छाएको छ। महिलाहरू हरियो, पहेँलो र रातो रङका पहिरन, चुरा तथा मेहेन्दीमा सजिएर धार्मिक आस्था प्रकट गरिरहेका छन्। शिवालयहरूमा सोमबारे व्रत बस्ने, पूजा-आराधना गर्ने तथा परिवारको सुख, शान्ति र समृद्धिको कामना गर्ने भक्तजनको चहलपहल पनि निकै बढेको छ। धरानका भानुचोक, पुतलीलाइन, देशीलाइन, पुरानो बजारलगायतका क्षेत्रमा हरियो चुरा, मेहेन्दी र साउने शृङ्गार सामग्री किन्ने महिलाको भीड बढेको छ। साउन लागेसँगै सोमबारे व्रत, शिवपूजा र हरियो शृङ्गारले बजारमा विशेष रौनक थपिएको व्यवसायीहरू बताउँछन्।

हिन्दू परम्पराअनुसार साउन महिनामा विशेषगरी सोमबारका दिन व्रत बसी भगवान् शिवको पूजा-आराधना गर्ने चलन रहिआएको छ। विवाहित महिलाका लागि साउन धर्म, संस्कृति र सौभाग्यको प्रतीकका रूपमा मानिन्छ। यस अवधिमा महिलाहरू व्रत बस्ने, शिव मन्दिरमा पूजा गर्ने, शाकाहारी भोजन गर्ने तथा हरियो चुरा, हरियो पोसाक र अन्य हरिया शृङ्गार सामग्री प्रयोग गर्ने परम्परा छ।

धरान उपमहानगरपालिका-८ का सरिता बस्नेत साउने व्रतले अनुशासन, संयम र श्रद्धाको भावना विकास गराउने बताउनुहुन्छ। उहाँले भन्नुभयो, “साउन लागेपछि हामी साथीहरूसँग हरियो चुरा र लुगा किन्छौँ। महिनाभर सोमबारे व्रत बस्छौँ र शिव मन्दिरमा पूजा-आराधना गर्छौं। हरियो रङलाई आशा, समृद्धि र नयाँ जीवनको प्रतीकका रूपमा लिइने भएकाले हरेक वर्ष उत्साहका साथ साउने शृङ्गार गर्ने गर्छौं। यसलाई सौभाग्य र प्रकृतिसँगको सामीप्यको प्रतीक पनि मानिन्छ।”

साउनमा भगवान् शिवको आराधनाको विशेष समय हो। व्रत बस्ने, मन्दिर जाने, चुरा र मेहेन्दी लगाउने चलन पुरानै भए पनि समयसँगै यसको महत्व अझ बढ्दै गएको छ। अहिले धेरै महिलाले साउनलाई आत्मचिन्तन र आध्यात्मिक उन्नतिको समयका रूपमा पनि लिन थालेका छन्।

इटहरी उपमहानगरपालिका-६ की सीता निरौला साउनलाई धार्मिक पर्वसँगै महिलाबीचको एकता र आत्मीयता बढाउने अवसरका रूपमा पनि लिनुहुन्छ। उहाँले भन्नुभयो, “साउनको हरेक सोमबार हामी समूहमा पूजा गर्छौं, भजन गाउँछौँ र मन्दिर जान्छौँ। यसले साथीभाइबीचको सम्बन्ध अझ बलियो बनाउँछ। व्रत बस्दा आत्मिक शान्ति मिल्छ भने हरियो चुरा, मेहेन्दी र पहिरनले हाम्रो संस्कृतिलाई जीवन्त राख्न मद्दत गर्छ। साउन महिना हामी महिलाका लागि साँच्चिकै विशेष लाग्छ।” धार्मिक आस्था, सांस्कृतिक परम्परा, सामाजिक सद्भाव र आधुनिक जीवनशैलीलाई एकसाथ जोड्ने पर्वका रूपमा साउन महिना स्थापित हुँदै गएको छ। समयसँगै साउने शृङ्गार फेसनका रूपमा पनि लोकप्रिय बन्दै गए पनि यसको मूल आधार धर्म, संस्कृति र परम्परामै रहेको महिलाहरूको भनाइ छ।

साउन महिनाको आगमनसँगै सुनसरीका प्रमुख व्यापारिक क्षेत्र इटहरीको हटिया लाइन, सङ्गीत चोक, सुनसरीको झुम्का बजार तथा धरानका भानुचोक, सब्जीमण्डी, देशीलाइनलगायतका क्षेत्रमा रहेका चुरा तथा कस्मेटिक पसलमा उल्लेखनीय चहलपहल बढेको छ। हरियो चुरा, मेहेन्दी, पोते, टिकालगायतका साउने शृङ्गार सामग्री खरिद गर्ने महिला ग्राहकको भीड बढेसँगै बजार गतिविधि पनि रङ्गीन बनेको छ। व्यवसायीहरूका अनुसार साउन महिनामा चुरा, मेहेन्दी, टीका, बिन्दी, क्लिप, नेलपोलिस, सिन्दूरलगायतका शृङ्गार सामग्रीको बिक्री अन्य महिनाको तुलनामा उल्लेखनीय रूपमा बढ्ने गर्छ।

विशेषगरी, विवाहित तथा किशोरी महिलामा हरियो चुरा र मेहेन्दीप्रति आकर्षण बढेकाले यतिबेला ती सामग्रीको माग उच्च रहेको धरानका व्यवसायी रमेश शाह बताउनुहुन्छ।

धरानको सब्जीमण्डीमा चुरा पसल सञ्चालन गर्दै आउनुभएका विजय महर्जनका अनुसार साउन महिनामा हुने कारोबार अन्य महिनाको तुलनामा झण्डै दोब्बर नै हुने गरेको छ। उहाँले भन्नुभयो, “साउन सुरु भएपछि बिहानैदेखि ग्राहकको घुइँचो लाग्न थाल्छ। अन्य महिनामा फाट्टफुट्ट ग्राहक आउने भए पनि साउनभर बिहानदेखि बेलुकासम्म चुरा लगाउने महिलाको भीड भइरहन्छ। हामी जस्ता साना व्यवसायीका लागि यो महिना विशेष व्यस्तता र राम्रो आम्दानी गर्ने अवसर पनि हो।”

व्यापारीका अनुसार अहिले बजारमा काँचका चुरा प्रति दर्जन रु ४० देखि रु ८० सम्म तथा मेटलका चुरा रु एक सयदेखि रु १८० सम्ममा बिक्री भइरहेको छ। साउन महिनामा मेहेन्दी लगाउने चलन पनि उत्तिकै बढ्दो छ धरानका ब्युटीपार्लर तथा सौन्दर्य सैलुनमा पनि सेवाग्राहीको चाप बढेको छ। धरान पुतलीलाइनमा ब्युटीपार्लर सञ्चालन गर्दै आउनुभएकी रीता राई साउन सुरु भएयता मेहेन्दी लगाउन आउने महिलाको सङ्ख्या दिन प्रतिदिन पार्लरमा बढ्दै गएको बताउनुहुन्छ।

साउनको शृङ्गार सौन्दर्यसँग मात्र सीमित छैन। हरियो चुरा, मेहेन्दी र हरियो पहिरनले धार्मिक आस्था, सांस्कृतिक परम्परा तथा नारीको सौभाग्यसँग जोडिएको सांस्कृतिक पहिचानलाई पनि झल्काउने गरेको छ। हरियाली मौसमसँगै साउने शृङ्गारले प्रकृति र संस्कृतिको सुन्दर सङ्गम प्रस्तुत गर्ने गरेको छ। साउन वर्षा ऋतुको मध्यसमय भएकाले असारमा रोपिएको धान खेतभरि हरियाली फैलिन थाल्छ। जताततै हरियाली छाउने भएकाले पनि यस महिनालाई हरियालीको प्रतीकका रूपमा लिने गरिन्छ। कृषकका लागि रोपाइँ सम्पन्न भएपछि केही फुर्सद मिल्ने र प्रकृतिसँग रमाउने समय पनि यही हो।

हिन्दू परम्पराअनुसार साउन महिनामा विवाहित महिलाले श्रीमानको दीर्घायु, पारिवारिक सुख शान्ति र समृद्धिको कामना गर्दै सोमबारे व्रत बस्ने, हरियो चुरा तथा मेहेन्दी लगाउने र भगवान् शिवको पूजा-आराधना गर्ने चलन छ। यही कारण साउन लागेसँगै सुनसरीका विभिन्न शिव मन्दिरमा भक्तजनको चहलपहल उल्लेखनीय रूपमा बढेको देखिन्छ। हरियो, पहेँलो र रातो रङका पहिरन तथा चुरा साउने शृङ्गारका प्रमुख आकर्षण हुन्। हिन्दू मान्यताअनुसार हरियो रङ हरियाली, आशा र समृद्धिको, पहेँलो पवित्रताको तथा रातो रङसौभाग्यको प्रतीक मानिन्छ। यी रङको संयोजनमा महिलाहरू व्रत तथा शिवपूजामा सहभागी हुने परम्परा रहिआएको छ।

धार्मिक मान्यताअनुसार देवी पार्वतीले भगवान् शिवलाई पति रूपमा प्राप्त गर्न कठोर व्रत बसेर हरियो शृङ्गारसहित आराधना गरेको विश्वास गरिन्छ। यही विश्वासका आधारमा नेपाली हिन्दू महिलाले साउन महिनालाई सौभाग्य, वैवाहिक सुख र पारिवारिक समृद्धिको प्रतीकका रूपमा मनाउने गरेका छन्।

साउन सुरु भएसँगै धरान-१४ स्थित प्रसिद्ध पिण्डेश्वर महादेव मन्दिरमा पनि धार्मिक तथा सांस्कृतिक रौनक बढेको छ। विजयपुर डाँडामा अवस्थित पिण्डेश्वर मन्दिरमा साउन १ गतेदेखि सुरु भएको बोलबम मेला एक महिनाभर सञ्चालन हुन्छ। अहिले पिण्डेश्वर मन्दिरमा नेपाल तथा भारतका विभिन्न स्थानबाट आएका शिवभक्तको उल्लेखनीय भीड देखिन थालेको छ। भक्तजनहरू चतरास्थित सप्तकोशी नदीमा स्नान गरी खाली खुट्टा गेरुवस्त्र धारण गरेर पवित्र जल बोकी पिण्डेश्वर महादेवलाई जल अर्पण गर्न आउने परम्परा आज पनि निरन्तर रहेको छ। पिण्डेश्वर महादेव मन्दिरमा भगवान् शिवको ‘अमृतपिण्ड’का रूपमा पूजा-आराधना गरिन्छ।

धार्मिक मान्यताअनुसार समुद्र मन्थनबाट प्राप्त अमृतको अंशबाट यो मन्दिर स्थापित भएकाले यहाँ चढाइने जलले विशेष पुण्य प्राप्त हुने विश्वास छ। स्कन्द पुराणमा समेत यस क्षेत्रको महत्व उल्लेख गरिएको पाइन्छ। यही विश्वासका कारण हरेक वर्ष साउन महिनाभर, विशेषगरी सोमबारका दिन, हजारौँ शिवभक्त पिण्डेश्वरमा पुगेर पूजा-आराधना गर्ने गर्छन्।

हिन्दू धर्मशास्त्रमा साउन महिनालाई भगवान् शिवको प्रिय महिना मानिएको छ भने साउने सोमबारलाई विशेष फलदायी मानिन्छ। यसै अवसरमा धरानको पिण्डेश्वर महादेव मन्दिरमा लाग्ने ‘बोलबम मेला’ धार्मिक आस्था र भक्तिभावको प्रमुख केन्द्रका रूपमा परिचित छ। “हर हर महादेव” र “बोलबम” को जयघोष गर्दै भक्तजन समूह-समूहमा पैदलयात्रा गरी चतरास्थित सप्तकोशी नदीबाट पवित्र जल बोकेर पिण्डेश्वरमा आई शिवलिङ्गमा जल अर्पण गर्ने परम्परा निरन्तर छ।

भारतको बिहारस्थित देवघरको वैद्यनाथधाम मन्दिरमा बोलबम मेलाको पुरानो परम्परा रहेपनि २०४२ सालदेखि धरानको पिण्डेश्वर महादेव मन्दिरमा पनि बोलबम मेला सञ्चालन हुँदै आएको छ। त्यसयता यो मन्दिर नेपाल तथा भारतका शिवभक्तहरूको प्रमुख धार्मिक गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। विशेषगरी, भारतका बिहार, झारखण्ड र उत्तर प्रदेशका साथै नेपालको तराई, पहाड तथा राजधानीबाट समेत ठूलो सङ्ख्यामा भक्तजन यहाँ आउने गरेका छन्।

साउन महिनाभर व्रत बसेका महिलाको सहभागिता पनि उल्लेखनीय हुने गरेको छ। हरियो चुरा, पहेँलो साडी तथा पूजा सामग्रीसहित मन्दिर पुग्ने व्रतालु महिलाले भगवान् शिवको आराधना गर्दै पारिवारिक सुख, शान्ति, समृद्धि र पति दीर्घायुको कामना गरिहेका छन्। मेला अवधिभर पिण्डेश्वर मन्दिर परिसरमा जलपान, विश्राम तथा पूजा सामग्री बिक्रीका लागि दर्जनौं अस्थायी स्टल सञ्चालन गरिएका छन्।

धरान उपमहानगरपालिका-१४ का वडाध्यक्ष कृष्ण भट्टराईका अनुसार पिण्डेश्वर महादेव मन्दिर धार्मिक आस्थाको केन्द्र मात्र नभई धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्य पनि हो। उहाँले साउन महिनामा सञ्चालन हुने बोलबम मेलाले धरानको धार्मिक पर्यटन प्रवर्द्धनका साथै स्थानीय व्यापार व्यवसायलाई समेत टेवा पुऱ्याउँदै आएको बताउनुभयो। साउने बोलबम मेलामा भक्तजनको सहजताका लागि मूल आयोजक समितिले सुरक्षा, पार्किङ, यातायात व्यवस्थापन, खानेपानी, शौचालय, निःशुल्क भोजन तथा विश्रामस्थलको व्यवस्था गरेको छ। वर्षाका समयमा एक हजारभन्दा बढी भक्तजन अट्ने आश्रयस्थल र आधुनिक ढङ्गको लाइन व्यवस्थापन समेत गरिएको उहाँको भनाइ छ।

धार्मिक आस्था, सांस्कृतिक परम्परा, सामाजिक सद्भाव र स्थानीय अर्थतन्त्रलाई एकै सूत्रमा बाँध्ने साउन महिना समयसँगै नेपाली समाजको जीवनशैलीसँग अझ गहिरोसँग जोडिँदै गएको छ। हरियो शृङ्गार, सोमबारे व्रत, शिवपूजा र बोलबम मेलाले साउनलाई धार्मिक पर्वमा सीमित नराखी संस्कृति संरक्षण, धार्मिक पर्यटन प्रवर्द्धन र स्थानीय व्यापार व्यवसाय चलायमान बनाउने महत्वपूर्ण अवसरका रूपमा स्थापित गरेको छ। यही कारण साउन महिना आज पनि नेपाली समाजमा विशेष गरी महिलाहरुले आस्था, उत्साह र सांस्कृतिक पहिचानको जीवन्त प्रतीकका रूपमा मनाउँदै आएका छन्।

# नेपाल टेलिकमको हराएको सिम अनलाइनबाटै पुनःप्राप्त गर्न सकिने

काठमाडौं, १ साउन (रासस)।

सूचना तथा सञ्चार मन्त्रालयले नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणालीअन्तर्गत अघि सारेको १० बुँदे सुधारात्मक कार्ययोजनाअनुसार नेपाल टेलिकमको हराएको वा बिग्रेको सिमकार्डको सट्टामा नयाँ सिम अनलाइनमार्फत प्राप्त गर्न सकिने सेवा बिहीबारदेखि सञ्चालनमा आएको छ।

डिजिटल सेवा विस्तार, सेवा प्रवाहलाई सहज बनाउने र ग्राहकमैत्री प्रणाली विकास गर्ने उद्देश्यअनुसार टेलिकमले उक्त सेवा सञ्चालनमा ल्याएको नेपाल टेलिकमका प्रवक्ता कमल लामिछानेले जानकारी दिनुभयो। अब सेवाग्राहीले टेलिकमको विद्युतीय सेवा पोर्टलमार्फत आवश्यक विवरण भरेर हराएको वा बिग्रेको सिमको सट्टा नयाँ भौतिक वा विद्युतीय सिमका लागि आवेदन दिन सक्नेछन्।

आवेदन प्रक्रिया पूरा भएपछि ग्राहक स्वयं वा आफ्नो प्रतिनिधिमार्फत सम्बन्धित सेवा केन्द्रबाट नयाँ सिम प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ। ग्राहकको गोपनीयता र सुरक्षालाई ध्यानमा राख्दै प्रतिनिधिमार्फत सिम बुझ्ने व्यवस्था मिलाइएको टेलिकमले जनाएको छ।

सञ्चार मन्त्रालयले अघि सारेको सुधारात्मक कार्ययोजनामा नेपाल टेलिकमको सेवा गुणस्तर सुधार, ग्राहक सेवा सुदृढीकरण तथा डिजिटल सेवा विस्तारलाई उच्च प्राथमिकतामा राखिएको छ। सोहीअनुसार कम्पनीले मोबाइल सेवा व्यवस्थापन, प्रशासनिक प्रक्रिया सरलीकरण र सेवाग्राही केन्द्रित सेवा विस्तारका कार्यक्रम अघि बढाएको जनाएको छ।

कार्ययोजनाअन्तर्गत एकपटक मात्रै ग्राहक विवरण दर्ता गर्ने व्यवस्था लागू गर्ने, विद्युतीय सिम वितरण, हराएको सिम पुनःप्राप्ति, गुनासो व्यवस्थापन तथा स्वामित्व हस्तान्तरणलगायत सेवालाई क्रमशः पूर्णरूपमा अनलाइन माध्यमबाट उपलब्ध गराउने तयारी गरिएको छ।

नेपाल टेलिकमका सबै कार्यालयमा एकल सेवा सहायता कक्ष स्थापना गर्ने, चौथो पुस्ताको मोबाइल सेवाको गुणस्तर सुधार गर्ने तथा डाटा सकिएपछि स्वतः मौज्दात रकम कट्ने व्यवस्था हटाउनेलगायतका सुधारका कार्यक्रम कार्ययोजनामा समावेश छन्।

# रासायनिक मलको आपूर्ति पाँच लाख ६१ हजार मेट्रिकटन नाघ्यो

काठमाडौं, १ साउन (रासस)।

सरकारले आर्थिक वर्ष २०८२/८३ को असार २४ गतेसम्म पाँच लाख ६१ हजार ४९३ दशमलव ८५ मेट्रिकटन रासायनिक मल आपूर्ति गरेको जनाएको छ।

यो परिमाण वार्षिक छ लाख मेट्रिकटन आपूर्तिको लक्ष्यको करिब ९४ प्रतिशत हो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार गत आर्थिक वर्षका लागि रु २८ अर्ब ८२ करोड १४ लाख बजेट विनियोजन गरिएको थियो। गत असार २४ गतेसम्म चार लाख ९१ हजार ३०० मेट्रिकटन रासायनिक मल खरिदका लागि टेण्डर प्रक्रिया सम्पन्न भएको छ।

उक्त मन्त्रालयकाअनुसार हालसम्म दुई कम्पनीमार्फत तीन लाख २७ हजार ५७९ दशमलव ८० मेट्रिकटन युरिया, दुई लाख तीन हजार ४२६ दशमलव ३० मेट्रिकटन डीएपी तथा ३० हजार ४८७ दशमलव ७५ मेट्रिकटन पोटास गरी कुल पाँच लाख ६१ हजार ४९३ दशमलव ८५ मेट्रिकटन रासायनिक मल आपूर्ति गरिएको छ।

उक्त अवधिसम्म देशभरका गोदाममा ९२ हजार ५९२ दशमलव ३५ मेट्रिकटन रासायनिक मल मौज्दात थियो। त्यसमध्ये ४९ हजार १०४ दशमलव ३० मेट्रिकटन युरिया, २४ हजार १२ दशमलव ८५ मेट्रिकटन डिएपी र १९ हजार ४७५ दशमलव २० मेट्रिकटन पोटास मौज्दात थियो।

अघिल्लो आर्थिक वर्षको मौज्दातसमेत समावेश गरी असार २४ गतेसम्म पाँच लाख १८ हजार २७८ दशमलव ५५ मेट्रिकटन रासायनिक मल बिक्री भएको छ। तीन लाख सात हजार १६ दशमलव ६० मेट्रिकटन युरिया, एक लाख ९२ हजार ९३१ दशमलव १५ मेट्रिकटन डिएपी र १८ हजार ३३० दशमलव ८० मेट्रिकटन पोटास बिक्री भएको उक्त मन्त्रालयले जनाएको छ।

बाह्य मार्गमा २८८ दशमलव ७५ मेट्रिकटन रासायनिक मल ढुवानीको क्रममा छ, जसमा ८६ दशमलव ०५ मेट्रिकटन युरिया र २०२ दशमलव ७० मेट्रिकटन डिएपी छ।

# पुराना सबै स्मार्ट लाइसेन्स छपाइ सम्पन्न, नयाँ छपाइ २४ घण्टाभित्रै

काठमाडौं, १ साउन (रासस)।

लामो समयदेखि छपाइ हुन बाँकी रहेका सवारी चालक अनुमतिपत्र (स्मार्ट लाइसेन्स) को छपाइ कार्य सम्पन्न भएको छ। साथै अब नयाँ सवारी चालक अनुमतिपत्रका लागि यातायात व्यवस्था विभागबाट विवरण प्राप्त भएको २४ घण्टाभित्रै छपाइ गरी विभागलाई उपलब्ध गराउने व्यवस्था मिलाइएको सूचना तथा सञ्चार मन्त्रालयले जनाएको छ।

मन्त्रालयले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार मन्त्रालय, सुरक्षण मुद्रण केन्द्र र पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको यातायात व्यवस्था विभागबीच भएका दुई चरणका सम्झौताअनुसार विभागबाट प्राप्त विवरणका आधारमा कुल २७ लाख स्मार्ट लाइसेन्स छाप्ने कार्य सम्पन्न गरिएको हो। मन्त्रालयले यससँगै विगतदेखि रहँदै आएको लाइसेन्स छपाइको 'ब्याकलग' पूर्ण रूपमा अन्त्य भएको जनाएको छ।

पहिलो चरणमा २०८२ कात्तिक १२ गते भएको सम्झौताअनुसार निर्धारित समयभित्र १२ लाख स्मार्ट लाइसेन्स छापिएको थियो। त्यसपछि बाँकी रहेका आवेदन व्यवस्थापन गर्न २०८३ वैशाख ४ गते दोस्रो चरणको सम्झौता गरी थप १५ लाख अनुमतिपत्र छाप्ने कार्य सुरु गरिएको थियो। उक्त दोस्रो चरणको काम पनि २०८३ असार ३२ गते सम्पन्न भएसँगै कुल २७ लाख स्मार्ट लाइसेन्सको छपाइ सम्पन्न भएको मन्त्रालयले जनाएको छ।

हाल सुरक्षण मुद्रण केन्द्रले ट्रायल परीक्षा उत्तीर्ण गरी राजस्व बुझाएका तथा अनुमतिपत्र नवीकरण गरेका सेवाग्राहीको यातायात व्यवस्था विभागबाट दैनिक प्राप्त हुने करिब तीन हजारदेखि पाँच हजार विवरणका आधारमा २४ घण्टाभित्रै स्मार्ट लाइसेन्स छापेर विभागलाई हस्तान्तरण गर्दै आएको पनि मन्त्रालयले जनाएको छ। यस व्यवस्थाबाट नयाँ लाइसेन्स वितरण प्रक्रिया थप छिटो र व्यवस्थित भएको छ।

मन्त्रालयका अनुसार सुरक्षण मुद्रण केन्द्रमार्फत अब सातै प्रदेश सरकार तथा सम्बन्धित यातायात मन्त्रालयसँग समन्वय गरी सवारी चालक अनुमतिपत्र छपाइसम्बन्धी सम्झौता गर्ने तयारी भइरहेको छ। सुरक्षण मुद्रण केन्द्रका अनुसार सवारी चालक अनुमतिपत्रसँगै नागरिकता, राष्ट्रिय परिचयपत्र, अन्तःशुल्क स्टिकर, हुलाक टिकट तथा जग्गाधनी प्रमाणपत्रलगायत अन्य सुरक्षण मुद्रण सामग्री पनि स्वदेशमै उत्पादन गर्ने तयारी भइरहेको छ।

यस्ता सुरक्षण मुद्रण सामग्री स्वदेशमै उत्पादन हुन थालेपछि विदेशिने करोडौं रुपैयाँ बचत हुनुका साथै स्वदेशभित्रै पुँजी परिचालन, रोजगारी सिर्जना र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुग्नेछ।

# करारका कर्मचारीहरूको व्यवस्थापनका सम्बन्धमा ७ बुँदे निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन।**

सरकारले विभिन्न मन्त्रालय तथा मातहतका कार्यालयहरूमा स्वीकृत दरबन्दीमा कार्यरत करारका कर्मचारीहरूको व्यवस्थापनका सम्बन्धमा ७ बुँदे निर्णय गरेको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै मन्त्रालय, आयोग, सचिवालय, कार्यालय र निकायहरूलाई शुक्रबार परिपत्र जारी गर्दै मन्त्रिपरिषद्को निर्णय अनुसार ७ बुँदे निर्देशन कार्यान्वयन गर्न आग्रह गरेको हो।

संगठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षणबाट दरबन्दी कटौती भएपछि स्वीकृत दरबन्दीमा कार्यरत करारका कर्मचारीहरूको व्यवस्थापनका लागि मन्त्रिपरिषद्को मिति २०८३ असार ३२ गतेको बैठकले गरेको निर्णयबारे मन्त्रालयले सबै निकायमा परिपत्र समेत गरेको छ।

मन्त्रालयका शाखा अधिकृत सजिव नेपालको हस्ताक्षर गरिएको परिपत्र तत्काल कार्यान्वयनका लागि सम्बन्धित सबै निकायमा पठाइएको छ।

परिपत्रमा कुनै पनि सरकारी सेवाबाट अवकाश प्राप्त गरी उपदान प्राप्त गरिसकेका वा हाल निवृत्तिभरण पाइरहेका करारका कर्मचारीहरूलाई २०८३ साउन १ गतेदेखि सेवा निरन्तरता नदिने निर्णय भएको उल्लेख छ। त्यस्ता कर्मचारीहरूलाई धन्यवादसहित बिदाइ गर्ने निर्णय सरकारले गरेको छ।

निवृत्तिभरण वा उपदान नपाउने तर हाल करारमा कार्यरत रहेका कर्मचारीहरूलाई अर्को व्यवस्था नभएसम्मका लागि सम्बन्धित निकायमै करार सम्झौता गरी 'पुल' मा राखिनेछ। यसको एकीकृत विवरण भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अद्यावधिक गर्ने निर्णय सरकारले गरेको छ।

संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भएपछि सम्बन्धित निकायले पुलमा राखिएका कर्मचारीहरूमध्येबाट आवश्यकता अनुसार काममा लगाउने निर्णय पनि सरकारले गरेको परिपत्रमा उल्लेख छ।

नयाँ स्थापना भएका वा रिक्त रहेका दरबन्दीमा नयाँ व्यक्तिलाई करारमा नियुक्त गर्न नपाउने निर्णय पनि सरकारको छ। त्यस्ता स्थानमा काम लगाउनु पर्ने भएमा पुलमा रहेका करारका कर्मचारीहरूलाई नै सङ्घीय

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# निजी रकेटसँग अन्तरिक्षमा भारतको नयाँ फड्को

नयाँदिल्ली, १ साउन (रासस/एएफपी)।

भारतले पहिलो निजी रूपमा विकसित कक्षीय-श्रेणीको रकेट प्रक्षेपणको तयारी गर्दै आफ्नो अन्तरिक्ष कार्यक्रमलाई नयाँ चरणमा प्रवेश गराएको छ। चन्द्रमा, मङ्गल र सूर्यसम्म सफल अन्तरिक्ष अभियान सञ्चालन गरिसकेको भारतले अब निजी क्षेत्रको तीव्र सहभागितासँगै विश्व अन्तरिक्ष उद्योगमा आफ्नो प्रभाव अझ विस्तार गर्ने रणनीति अघि बढाएको छ।

भारतीय कम्पनी स्काइरुट एरोस्पेसले आगामी अगस्ट ४ भित्र 'विक्रम-१' रकेट प्रक्षेपण गर्ने तयारी गरिरहेको छ। यो भारतमै निजी क्षेत्रले विकास गरेको पहिलो कक्षीय-श्रेणीको रकेट हुनेछ। यसले साना उपग्रहलाई पृथ्वीको तल्लो कक्षामा पुर्‍याउने लक्ष्य राखेको छ। भारतीय अन्तरिक्ष विभागले यसलाई गहिरो अन्तरिक्ष अन्वेषण, मानव अन्तरिक्ष उडान र कक्षीय पूर्वाधार विस्तारतर्फको महत्त्वपूर्ण उपलब्धि हुने जनाएको छ।

सन् २०२० मा अन्तरिक्ष क्षेत्र निजी लगानीका लागि खुला गरेयता भारतको आठ अर्ब ४० करोड अमेरिकी डलर बराबरको अन्तरिक्ष अर्थतन्त्रले तीव्र विस्तार गरेको छ। हाल देशमा ४०० भन्दा बढी अन्तरिक्ष स्टार्टअप सक्रिय छन्। भारतीय अन्तरिक्ष अनुसन्धान सङ्गठन (इसरो) सँग सहकार्य गर्ने धेरै सरकारी तथा निजी कम्पनीले रक्षा क्षेत्रमा पनि काम गरिरहेका छन् र यसले अन्तरिक्ष र सुरक्षाबीचको सम्बन्धलाई अझ सुदृढ बनाएको छ।

भारतले अन्तरिक्ष अन्वेषणमा उल्लेखनीय उपलब्धि हासिल गरिसकेको छ। सन् २०१४ मा भारत मङ्गल ग्रहको कक्षामा अन्तरिक्ष यान पुर्‍याउने पहिलो एसियाली राष्ट्र बनेको थियो। चन्द्रयान कार्यक्रमअन्तर्गत सन् २००८ को चन्द्र अर्बिटर, सन् २०१९ को असफल अवतरण प्रयास र सन् २०२३ को सफल रोभर अवतरणपछि भारत चन्द्रमामा सफलतापूर्वक मानवरहित यान अवतरण गर्ने विश्वको चौथो देश बनेको थियो।

सन् २०२७ मा चन्द्रयान-४ मार्फत चन्द्रमाबाट नमूना पृथ्वीमा ल्याउने तथा सन् २०२८ मा शुक्र ग्रहको कक्षामा अन्तरिक्ष यान पठाउने योजना रहेको छ। 'आदित्य' सौर्य अभियानले सूर्यको बाहिरी तह र अन्तरिक्ष मौसमबारे अध्ययन गरिरहेको छ। इसरोको प्रविधि प्रयोग गरेर भारतले गहिरो समुद्री स्रोतको अध्ययनका लागि 'मत्स्य' नामक पनडुब्बी परियोजना पनि अघि बढाइरहेको छ।

उपग्रह प्रक्षेपणमा पनि भारतले लागत-प्रभावकारी राष्ट्रको पहिचान बनाएको छ। इसरोले हालसम्म ४३० भन्दा बढी विदेशी तथा १४४ भन्दा बढी स्वदेशी उपग्रह अन्तरिक्षमा प्रक्षेपण गरिसकेको छ र यसबाट ६० करोड अमेरिकी डलरभन्दा बढी आम्दानी भएको छ। श्रीहरिकोटास्थित प्रक्षेपण केन्द्र विस्तार भइरहेका बेला तमिलनाडुको कुलसेकरपट्टिनममा दोस्रो स्पेसपोर्ट निर्माणाधीन छ।

भारत सरकारले अन्तरिक्ष उद्योगको आकार सन् २०३३ सम्म ४४ अर्ब अमेरिकी डलर र सन् २०४० सम्म एक खर्ब अमेरिकी डलर पुर्‍याउने लक्ष्य लिएको छ। नासासँगै युरोपेली अन्तरिक्ष एजेन्सी, फ्रान्स, जर्मनी, इटाली, जापान र साउदी अरेबियासँग पनि भारतले अन्तरिक्ष सहकार्य विस्तार गरेको छ भने मानव अन्तरिक्ष उडान तयारीमा रुसले सहयोग गरिरहेको छ।

निजी क्षेत्रमा स्काइरुटसँगै पिक्सेलले पृथ्वी अवलोकन उपग्रह विकास गरिरहेको छ। बेलाट्रिक्स एरोस्पेसले उपग्रहलाई अन्तरिक्षमा सञ्चालन गर्न आवश्यक इन्जिन प्रविधि विकास गरिरहेको छ भने अग्निकुल कोस्मोसले थ्रीडी-प्रिन्ट गरिएको रकेट इन्जिन प्रयोग गरेर साना प्रक्षेपण यान निर्माण गरिरहेको छ।

भारतको अन्तरिक्ष उद्योग रक्षा क्षेत्रसँग पनि निकट रूपमा जोडिएको छ। प्रक्षेपण प्रणाली, रकेट इन्जिन, उपग्रह, मार्गनिर्देशन प्रणाली र एभियोनिक्स प्रविधि अन्तरिक्ष कार्यक्रमसँगै मिसाइल तथा सैन्य ड्रोन विकासमा पनि प्रयोग भइरहेका छन्। इसरोले रक्षा अनुसन्धान तथा विकास सङ्गठन (डीआरडीओ) र भारत-रुसको संयुक्त ब्रह्मोस मिसाइल कार्यक्रमसँगको सहकार्यलाई निरन्तर विस्तार गरिरहेको छ। सन् २०२५ मा पाकिस्तानसँगको द्वन्द्वपछि भारतले रक्षा खरिदमा अरबौं डलर लगानी बढाएको छ।

यसैबीच इसरोले 'गगनयान' मानव अन्तरिक्ष अभियानको तयारी पनि तीव्र बनाएको छ। सन् २०२६ को अन्त्यदेखि चालकविहीन परीक्षण सुरु गर्ने योजना रहेको यस अभियानमार्फत अन्ततः तीन भारतीय अन्तरिक्षयात्रीलाई तीन दिनका लागि करिब ४०० किलोमिटर उचाइको कक्षामा पठाइने लक्ष्य छ। भारतले सन् २०३५ सम्म आफ्नै अन्तरिक्ष स्टेशन स्थापना गर्ने र सन् २०४० सम्म भारतीय अन्तरिक्षयात्रीलाई चन्द्रमामा अवतरण गराउने दीर्घकालीन योजना पनि अघि बढाएको छ।

# तीनमहिने डेङ्गु सचेतना अभियान सुरु

काठमाडौँ, १ साउन (रासस)।

आजदेखि तीनमहिने डेङ्गु सचेतना अभियान सुरु भएको छ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अनुसार अभियानअन्तर्गत सबै सार्वजनिक निकाय, कार्यालय, विद्यालय तथा सामुदायिक संस्थामा लामखुट्टेको प्रजननस्थल तथा बासस्थानको खोजी तथा नष्ट गर्न प्रत्येक हप्ता 'हरेक शुक्रबार, सफा शुक्रबार' कार्यक्रम सञ्चालन गरिनेछ।

साउन, भदौ र असोज महिनामा वडा कार्यालय, टोल विकास संस्था, नागरिक समाज तथा सरोकार भएका निकायसँग समन्वय गरी प्रत्येक हप्ताको एक दिन समुदायको सहभागितामा 'लामखुट्टेको प्रजननस्थल तथा बासस्थान खोजी तथा नष्ट अभियान' सञ्चालन गरिनेछ।

प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र रहेका अटो वर्कशप/ग्यारेज, कबाडी समान व्यवस्थापन स्थल, निर्माणाधीन भवन तथा पानी जम्ने सम्भावना भएका अन्य स्थानको नियमित अनुगमन गर्ने र जमेको पानीको निकास तथा व्यवस्थापन गर्नुपर्नेछ।

डेङ्गुसम्बन्धी व्यवहार परिवर्तन ल्याउने उद्देश्यले विद्यालय तथा शैक्षिक संस्थामार्फत 'साथी शिक्षा कार्यक्रम' र 'विद्यालय सरसफाइ अभियान' सञ्चालन गरिनेछ भने विद्यालय स्वास्थ्य निरीक्षण टोली गठन गरी नियमित सरसफाइको अवस्था अनुगमन गरिनेछ।

इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको कीटजन्य रोग नियन्त्रण शाखा प्रमुख डा गोकर्ण दाहालले साउनदेखि डेङ्गुको सङ्क्रमण विस्तारै बढ्दै जाने, भदौमा उच्च अवस्थामा पुग्ने, असोज/कात्तिकसम्म यसको जोखिम रहने भएकाले यी तीन महिनामा डेङ्गु सचेतना अभियान सञ्चालन गर्न लागिएको बताउनुभयो।

डेङ्गुको बढी जोखिम हुने होटल, ग्यारेज, कबाडी व्यवस्थापन गर्ने स्थान, विद्यालय, सरकारी कार्यालयलगायत सार्वजनिकस्थललाई 'फोकस' गरेर सरसफाइ अभियान सञ्चालन हुने उहाँले जानकारी दिनुभयो। "नागरिक तहसम्म सूचना सम्प्रेषण गर्नसके डेङ्गुलाई नियन्त्रण गर्न सकिन्छ, हामी आफैँले घरबाटै प्रयास गर्न गर्यौं भने सङ्क्रमण कम गर्न सकिन्छ भन्ने अभिप्रायका साथ अभियान सञ्चालन भएको हो", डा दाहालले राससँग भन्नुभयो।

नेपालमा सन् २०२२ मा डेङ्गु सङ्क्रमितको सङ्ख्या ५६ हजार थियो। सन् २०२३ मा ५२ हजार, सन् २०२४ मा ४६ हजार र सन् २०२५ मा यो सङ्ख्या घटेर आठ हजारमा सीमित भएको महाशाखाले जनाएको छ। "सुरुमा डेङ्गुको सङ्क्रमण धेरै नै रहयो। तर, सूचनाको सम्प्रेषण, नागरिक तहमा सचेतनालगायत सबैको प्रयास भए, त्यसले प्रत्येक वर्ष कम हुँदै गइरहेको छ", उहाँले भन्नुभयो।

स्वास्थ्य मन्त्रालयको निर्णयअनुसार आर्थिक वर्ष २०८२/८३ देखि देशव्यापी रुपमा 'साउन, भदौ र असोज महिनाः डेङ्गु सचेतना तीनमहिने अभियान' सञ्चालन हुँदै आएको छ। उक्त अभियानबाट डेङ्गु रोकथाम तथा नियन्त्रणसम्बन्धी जनचेतना अभिवृद्धि हुनाका साथै समुदायको सक्रिय सहभागितामार्फत डेङ्गु सङ्क्रमण न्यूनीकरणमा सकारात्मक प्रभाव परेको मन्त्रालयले जनाएको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहलाई परिपत्रमार्फत डेङ्गु रोग रोकथाम र नियन्त्रणका लागि वडा कार्यालय, स्वास्थ्य संस्था, शैक्षिक संस्था, सामुदायिक संस्था तथा सरोकार भएका निकायका प्रतिनिधिसँग समवन्य र सहकार्य गरी तीनमहिने अभियान सञ्चालन गर्न आग्रह गरेको छ।

# नयाँ कर तथा शुल्कसम्बन्धी प्रावधान कार्यान्वयनमा

**दैनिक समाचारदाता**
**राजविराज, १ साउन।**

सरकारले आर्थिक ऐन, २०८३ मार्फत व्यवस्था गरेका नयाँ कर तथा शुल्कसम्बन्धी प्रावधान साउन १ गते शुक्रबारदेखि कार्यान्वयनमा ल्याएको छ।

शिक्षा र स्वास्थ्य सेवामा ३ प्रतिशत समता शुल्क, विद्युत तथा राइड सेयर सेवामा मूल्य अभिवृद्धि कर (भ्याट), सेयर तथा घरजग्गा कारोबारमा संशोधित पुँजीगत लाभकर, आयकरका नयाँ सीमा तथा अन्य करसम्बन्धी व्यवस्था आजदेखि लागू भएका हुन्।

नयाँ व्यवस्थाअनुसार निजी क्षेत्रबाट सञ्चालित विश्वविद्यालय, विद्यालय, प्राविधिक शिक्षालय तथा अन्य शैक्षिक संस्थाले विद्यार्थीबाट लिने भर्ना, मासिक, परीक्षा लगायत सबै प्रकारका शुल्कमा ३ प्रतिशत शिक्षा समता शुल्क उठाउनुपर्नेछ। सरकारले यसअघि स्थगित गरेको व्यवस्था संशोधित स्वरूपमा पुनः कार्यान्वयनमा ल्याएको हो।

त्यस्तै, निजी अस्पताल, क्लिनिक तथा अन्य स्वास्थ्य संस्थाले बिरामीबाट लिने सेवा शुल्कमा ३ प्रतिशत स्वास्थ्य समता शुल्क असुल गर्नुपर्नेछ। यी दुवै व्यवस्था कार्यान्वयनका लागि सम्बन्धित संस्थाले आफ्नो बिलिङ प्रणाली परिमार्जन गर्नुपर्नेछ। आन्तरिक राजस्व विभागले कार्यान्वयनसम्बन्धी आवश्यक जानकारी क्रमशः उपलब्ध गराइने जनाएको छ।

नयाँ व्यवस्थाले निजी विद्यालय र निजी स्वास्थ्य संस्थाबाट सेवा लिने सेवाग्राही तथा अभिभावकमाथि प्रत्यक्ष आर्थिक प्रभाव पार्ने देखिएको छ।

आर्थिक ऐनअनुसार शुक्रबारदेखि विद्युत तथा राइड सेयर सेवामा पनि भ्याट लागू भएको छ। घरायसी प्रयोजनका लागि ५० युनिटभन्दा बढी विद्युत उपभोग गर्ने उपभोक्ताले ५ प्रतिशत भ्याट तिर्नुपर्नेछ भने ५० युनिटसम्मको घरायसी विद्युतमा यो व्यवस्था लागू हुने छैन।

औद्योगिक, व्यावसायिक तथा अन्य प्रयोजनका लागि प्रयोग हुने विद्युतमा १३ प्रतिशत भ्याट लाग्नेछ। विद्युत प्रयोग गरी वस्तु वा सेवा उत्पादन गर्ने तथा कानुनअनुसार भ्याट फिर्ता दाबी गर्न मिल्ने क्षेत्रमा पनि १३ प्रतिशतकै दर लागू हुनेछ।

राइड सेयर सेवामा यात्रुले तिर्ने भाडामा ५ प्रतिशत भ्याट लाग्नेछ भने सेवा प्रदायक कम्पनीले चालकबाट लिने सेवा शुल्कमा १३ प्रतिशत भ्याट लाग्ने व्यवस्था गरिएको छ।

आन्तरिक राजस्व विभागका अनुसार ५ प्रतिशत भ्याट लाग्ने कारोबारमा कर क्रेडिट वा भ्याट फिर्ताको सुविधा उपलब्ध हुनेछैन। १३ प्रतिशत भ्याट लाग्ने कारोबारमा भने कानुनबमोजिम कर क्रेडिट तथा भ्याट फिर्ता गर्न सकिनेछ।

सरकारले जेठ १५ गतेदेखि आन्तरिक उत्पादन प्रवर्द्धन तथा संरक्षण शुल्क (डिपिएफ) र स्वच्छ पूर्वाधार लगानी शुल्क लागू गरिसकेको छ।

कृषि सामग्री, दुग्धजन्य उत्पादन तथा केही घरायसी वस्तुमा लाग्दै आएको अन्तःशुल्क हटाएर डिपिएफ लागू गरिएको छ। धेरै वस्तुमा यसअघि लाग्दै आएको अन्तःशुल्कभन्दा डिपिएफको दर बढी छ। उदाहरणका रूपमा स्किम्ड मिल्कमा ५ प्रतिशत अन्तःशुल्क हटाएर १० प्रतिशत डिपिएफ लागू गरिएको छ।

त्यस्तै, विद्युतीय सवारी साधनमा अन्तःशुल्क हटाएर स्वच्छ पूर्वाधार लगानी शुल्क लागू गरिएको छ। केही विद्युतीय सवारी साधनमा यो शुल्क पहिलेको अन्तःशुल्कभन्दा बढी छ। टेलिभिजन, मोबाइल, फ्रिज, वासिङ मेसिनलगायत केही घरायसी वस्तुमा पनि यो शुल्क लगाइएको छ।

शुक्रबारदेखि सेयर कारोबारबाट प्राप्त हुने पुँजीगत लाभमा नयाँ कर दर लागू भएको छ। अब एक वर्षभन्दा कम अवधिमा सेयर बिक्री गर्दा भएको नाफामा १० प्रतिशत र एक वर्षभन्दा बढी अवधिपछि बिक्री गर्दा भएको नाफामा ७.५ प्रतिशत पुँजीगत लाभकर लाग्नेछ। यसअघि यी दर क्रमशः ७.५ प्रतिशत र ५ प्रतिशत थिए।

घरजग्गा कारोबारमा पनि करदर परिवर्तन गरिएको छ। पाँच वर्ष वा सोभन्दा बढी समय स्वामित्वमा रहेको घरजग्गा बिक्री गर्दा ७.५ प्रतिशत पुँजीगत लाभकर लाग्नेछ। यसअघि यस्तो कारोबारमा ५ प्रतिशत कर लाग्थ्यो। पाँच वर्षभन्दा कम अवधिको स्वामित्व भएको घरजग्गा बिक्री गर्दा १० प्रतिशत पुँजीगत लाभकर लाग्नेछ।

आर्थिक ऐन, २०८३ ले व्यक्तिगत आयकरका दर र तह पनि संशोधन गरेको छ। नयाँ व्यवस्था अनुसार १० लाख रुपैयाँसम्मको करयोग्य आम्दानीमा १ प्रतिशत, १० लाखदेखि १५ लाख रुपैयाँसम्म १० प्रतिशत, १५ लाखदेखि २५ लाख रुपैयाँसम्म २० प्रतिशत, २५ लाखदेखि ४० लाख रुपैयाँसम्म २७ प्रतिशत तथा ४० लाख रुपैयाँभन्दा माथिको आम्दानीमा २९ प्रतिशत आयकर लाग्नेछ।

यसअघि आयकरका ६ वटा तह कायम रहेकामा अब पाँच तहमा सीमित गरिएको छ भने उच्चतम करदर ३९ प्रतिशतबाट घटाएर २९ प्रतिशत कायम गरिएको छ।

सरकारले सुनचाँदीमा लाग्दै आएको विलासिता शुल्क हटाएर त्यसको सट्टा ०.५ प्रतिशत सीप प्रवर्द्धन शुल्क लागू गरेको छ। सुनचाँदी व्यवसायसँग सम्बन्धित सीप विकास तथा प्रवर्द्धनका लागि स्रोत व्यवस्थापन गर्ने उद्देश्यले यो शुल्क लगाइएको सरकारले जनाएको छ।

# तीन महिनामा तीन हजार २९६ विपद्का घटना, १६० जनाको मृत्यु

काठमाडौँ, १ साउन (रासस)।

बितेका तीन महिनामा देशभर विपद्का तीन हजार २९६ घटना भएका छन्। ती घटनामा १६० जनाको मृत्यु भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वैशाख १ देखि असार ३२ गतेसम्मका विपद्का घटनामा दुई जना बेपत्ता तथा ९४५ जना घाइते भएका छन्। यस अवधिमा चार हजार ३७५ परिवार प्रभावित भएका छन्।

प्राधिकरणले सबैभन्दा बढी ८९७ आगलागीका घटना भएका तथा तिनमा १७ जनाको मृत्यु, १०९ जना घाइते तथा ९९० परिवार प्रभावित भएका जनाएको छ।

उक्त अवधिमा सर्पदंशका ५१४ घटना भएका त्यसबाट ३८ जनाको मृत्यु, ४७९ जना घाइते तथा ५१७ परिवार प्रभावित भएका छन्।

त्यसैगरी, हुरीका ४७७ घटनामा १३ जनाको मृत्यु भएको ६८ जना घाइते तथा एक हजार ३५६ परिवार प्रभावित भएका जनाइएको छ। पहिरोका ४३३ घटनामा १२ जनाको मृत्यु, १५ जना घाइते तथा ३५१ परिवार प्रभावित भएका छन्।

चट्याङका २२३ घटनामा २४ जनाको मृत्यु, १२० जना घाइते तथा २६२ परिवार प्रभावित भएका छन् जनाउँदै प्राधिकरणले सार्वजनिक गरेको विवरणमा वन्यजन्तुको आक्रमणका १८१ घटनामा १७ जनाको मृत्यु, १०३ जना घाइते तथा २८७ परिवार प्रभावित भएका उल्लेख छ।

यसैगरी, बाढीका १६१ घटनामा नौ जनाको मृत्यु, दुई जना बेपत्ता, नौ जना घाइते तथा ३९६ परिवार प्रभावित भएका छन्। भारी वर्षाका १५३ घटनामा चार जनाको मृत्यु, एक जना घाइते तथा १३२ परिवार प्रभावित भएका छन्।

त्यसैगरी, लेक लागेका ५५ घटनामा २१ जनाको मृत्यु र ३५ जना अझै अस्वस्थ छन्। ढुङ्गा खसेर भएको एक घटनामा दुई जनाको ज्यान गएको छ।

तीन महिनामा वन डढेलोका १९१ घटना भएका, त्यसमा एक जनाको मृत्यु र दुई जना घाइते भएका जनाइएको छ। हिउँपहिरोका दुई घटनामा एक जनाको मृत्यु र एक जना घाइते भएका छन्।

### *करारका कर्मचारीहरूको ...*

मामिला मन्त्रालयमार्फत माग गरी करार सम्झौता गरी काममा लगाउनुपर्नेछ।

विभिन्न मन्त्रालय अन्तर्गत एकीकरण वा खारेज हुने चरणमा रहेका निकायहरूको हकमा, एकीकरण वा खारेजीको प्रक्रिया नसकिँदासम्म सम्पत्ति संरक्षण, सुरक्षा र दायित्व हस्तान्तरणको लागि आवश्यक पर्ने न्यूनतम जनशक्ति हाल कार्यरत करारका कर्मचारीहरूमध्येबाटै यकिन गरी काममा लगाउने निर्णय सरकारले गरेको परिपत्रमा उल्लेख छ।

### *मधेस प्रदेश ...*

कारण प्रदेश सरकारका संरचना क्षतिग्रस्त भएको, पटकपटक सरकार परिवर्तन भएकोजस्ता कारणले आधामात्र बजेट खर्च भएको मधेस प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले बताउनुभयो। ढिलै भए पनि प्रदेश सरकारका योजना तीव्र रूपमा कार्यान्वयन भएकाले आर्थिक वर्षको अन्तिमसम्ममा प्रदेश सरकारको खर्च ५६ प्रतिशतभन्दा बढी हुनु सन्तोषजनक भएको उहाँको भनाइ छ।

# एक वर्षमा ८९३ जनामा स्क्रब टाइफस

चितवन, १ साउन (रासस)।

जिल्लाका विभिन्न अस्पतालमा आएका बिरामीमध्ये ८९३ जनामा स्क्रब टाइफस सङ्क्रमण देखिएको छ। गत आर्थिक वर्षमा जिल्लाका अस्पतालमा आएका बिरामीमध्ये ११ हजार ४१९ जनाको परीक्षणका क्रममा उनीहरुमा स्क्रब टाइफसको सङ्क्रमण देखिएको हो।

जनस्वास्थ्य कार्यालय चितवनका किट नियन्त्रक राम केसीका अनुसार सङ्क्रमितमध्ये ६२१ जना चितवनका रहेका छन्। जिल्लामा भेटिएका सङ्क्रमितमध्ये रत्ननगर नगरपालिकाका २४६ जना, खैरहनी नगरपालिका ११७ जना, भरतपुर महानगरपालिकाका ९० जनामा यो रोगको सङ्क्रमण देखिएको हो।

यस्तै, राप्ती नगरपालिकाका ८२ जना, कालिका नगरपालिकाका ६९ जना, माडी नगरपालिकाका सात जना र इच्छाकामना गाउँपालिकाका १० जनामा यो रोगको सङ्क्रमण देखिएको केसीले बताउनुभयो।

आव २०८१/८२ मा सात हजार ९५ जनाको परीक्षण गर्दा एक हजार ५५ जनामा यो रोगको सङ्क्रमण देखिएको थियो। चालु आवमा उक्त रोगको सङ्क्रमणबाट एक जनाको मृत्यु भएको थियो।


## राजविराज नगरपालिका

**४ नं. वडा कार्यालय**
**राजविराज सप्तरी**
**मधेश प्रदेश, नेपाल**

मितिः २०८३/०३/३२

## सूचना सूचना सूचना

## घर खाली सम्बन्धमा जि.स.रा.वि.न.पा.वडा नं. ३ हाल ४ वस्ने जुवेर अन्सारी र निजको परिवारको लागी

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ३ हाल ४ को प्लोट नं. ४४ को क्षेत्रफल ०-०-८ जग्गा र सो जग्गामा बनेको घर समेत लक्ष्मी सनराईज बैंकले लिलाम गरी नाजनी प्रविण तथा आरजु प्रविणले साकार गरेको हुदा सो घर खाली गर्नको लागी निज जुवेर अन्सारीलाई पटक पटक घर खाली गराउन भनि रा.वि.न.पा.वडा नं.४ को कार्यालयबाट पत्र पठाउदा समेत घर खाली नगरी दिएको बुझीन आएकोले यो सुचना प्रकाशित गरीएको छ। आजको मितिले ७ दिन भित्र घर खाली नगरे कानुन बमोजिम घर खाली गराइने व्यहोरा जानकारी गराईन्छ।

**दिनेश कुमार साह कसेरा**
**वडा अध्यक्ष**


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*